Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्षः २६ | अंकः ५ | वि.सं. २०८३ | वैशाख ५ | शनिवार | नेपाल संवत्: ११४५, | वैशाख शुक्ल प्रतिपदा | Friday 18 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# चर्चा धेरै हुन्छ तर लुम्बिनीबाट सर्दैनन् कर्णालीका प्रहरी संरचना

**प्रहरी ऐन नबन्दा प्रदेशको बाध्यता एकातर्फ छ भने अर्कोतर्फ संघीय सरकारको असहयोगकै कारण कर्णालीका महत्वपूर्ण प्रहरी संरचनाहरु अझै पनि स्थानान्तरण हुन सकेका छैनन् । २०७२ को संविधान जारी हुँदा भएको राज्य पुनर्संचनामा साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट बाँके र बर्दियालाई कर्णालीबाट अलग गरिएपछि प्रहरीका महत्वपूर्ण संरचना लुम्बिनीमा छुटेका थिए ।**

**ओम शाही**
**सुर्खेत, ४ बैशाख ।**

संघीयता कार्यान्वयनपछि कर्णाली प्रदेशमा पेचिलो र सर्वाधिक चर्चा भइरहने विषय हो- प्रहरी समायोजना । संघीय सरकारले प्रहरी ऐन नबनाइ दिदा कर्णालीले मात्रै होइन सात वटै प्रदेशहरुले प्रहरी परिचालन गर्न संघीय सरकारकै मुख ताक्न बाध्य छन् । कानुन नबन्दाको बाध्यता एकातर्फ छ भने अर्कोतर्फ संघीय सरकारको असहयोगकै कारण कर्णालीका महत्वपूर्ण प्रहरी संरचनाहरु अझै पनि प्रदेशमा स्थानान्तरण हुन सकेका छैनन् ।

२०७२ को संविधान जारी हुँदा भएको राज्य पुनर्संचनामा साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट बाँके र बर्दियालाई कर्णालीबाट अलग गरिएपछि प्रहरीका महत्वपूर्ण संरचना लुम्बिनीमा छुटेका थिए । देश संघीयताको अभ्यासमा गएको झण्डै एक दशक पुग्नै लाग्यो । विडम्बना कर्णाली प्रदेशभित्र हुनुपर्ने प्रहरीका महत्वपूर्ण संरचना भने लुम्बिनी प्रदेशबाटै सञ्चालित छन् ।

संघीयताको मर्मअनुरुप प्रशासनिक विकेन्द्रीकरण भएको दशकसम्म पनि ती संरचना कर्णालीमा स्थान्तरण गर्न राज्यले नै ध्यान दिन सकेको छैन । कर्णाली प्रदेश प्रहरी कार्यालयको मुख्य अङ्ग मानिने तालिम केन्द्र बाँकेको नेपालगञ्जबाट सञ्चालित छ । त्यस्तै, कर्णालीको नेपाल प्रहरी विशेष सुरक्षा गण, संघीय प्रहरी इकाइ कार्यालय, कुकुर, ड्रग शाखा र कर्णालीको प्रहरी ब्यान्ड टोली बाँकेका नेपालगञ्ज र कोहलपुरबाट सञ्चालित छन् ।

संविधानतः प्रदेश स्थापनासँगै यी संरचनाहरू कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सार्नुपर्ने थियो । तर एक दशक पुग्नै लाग्दा पनि कर्णालीको सुरक्षा कमाण्ड प्रदेश बाहिर रहनुले संघीयताको मर्ममाथि नै प्रश्न उठाइरहेको प्रहरीका उच्च अधिकारीहरु नै बताउँछन् । 'सुरक्षा निकायका महत्वपूर्ण संरचना प्रदेश बाहिर छन् । यसले त कसरी प्रदेशको शान्ति र अमनचयन हुन्छ ?', ती प्रहरी अधिकारी भन्छन् ।प्रहरीका यी शाखाहरू साविकको अञ्चल तथा क्षेत्रीय कार्यालय अन्तर्गतका हुन् ।




कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र र गणलाई यसअघि कर्णालीमा स्थान्तरण गर्ने चर्चा पटक-पटक चले । तर चर्चामै सीमित छन् । विशेष सुरक्षा गण पूर्वी सुर्खेतको गुर्भाकोट नगरपालिका-१४ गुमीमा स्थानान्तरण लागि प्रक्रिया अघि बढेको दुई वर्षभन्दा बढी भयो । तथापि प्राविधिक वा प्रशासनिक रूपमा कोहलपुरबाटै सञ्चालित छ । यो शाखा गण सुरक्षा, दङ्गा नियन्त्रण र आकस्मिक कार्यहरूमा संलग्न हुन्छ । गुमीमा चार बिघा जमिनमा रहने गरी जग्गाको व्यवस्थापन गरिएको छ ।

कर्णाली प्रदेश सरकारबाट एक करोड ९१ लाखको बजेट अख्तियारी अघिल्लै वर्षमा भएको थियो । कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राम प्रकाश शाहले हाल दुई सय जनाको टोली मात्रै गुमीमा आएर बसेको बताए । 'एक जना इन्सपेक्टरको कमाण्डमा त्यहाँ छ,' उनले भने, 'तर मेन अफिस चाहिँ उतै (बाँके) छ ।' उनका अनुसार संरचना पुरै बनेको छैन ।

त्यस्तै, अर्को महत्वपूर्ण तालिम केन्द्र सुरुमा पश्चिम सुर्खेतको पञ्चपुरी नगरपालिका-८ को दुलालथाई मौरीडाँडा सामुदायिक वनमा स्थापना गर्ने चर्चा भयो । त्यहाँ स्थान्तरणका लागि जग्गा प्राप्तिका प्रक्रियाहरु पनि अघि बढाउन खोजिए । तर राजकुमार शर्मा कर्णालीको मुख्यमन्त्री आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा नै तालिम केन्द्र शर्माको गृह पालिका रुकुम पश्चिमको चौरजहारीमा स्थापना गर्ने भनियो ।

त्यसपछि स्थान्तरणको विषय सेलायो । खास तालिम केन्द्र प्रदेश राजधानी वीरेन्द्रनगरमा राख्नु उपयुक्त मान्छन्, प्रहरी अधिकारीहरू । तर वीरेन्द्रनगरमा आवश्यक जग्गा नभएपछि सबै तहको रोहबरमा दुलालथाईमा स्थापना गर्ने प्रयास भएको थियो ।

त्यहाँ तालिम केन्द्रका लागि भनेर २२ बिघा जमिन छ । यद्यपि तालिम केन्द्रको बारेमा निर्णय गर्ने अधिकार केन्द्रलाई नै हुन्छ । त्यसका लागि गृह मन्त्रालयले निर्णय नै गर्नुपर्छ । २०२३ सालमा सुदूरपश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्रका रूपमा स्थापना गरिएको तालिम केन्द्र २०३८ सालको प्रशासनिक क्षेत्रीय पुनर्संरचना पश्चात् मध्यपश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्रको रूप धारण गरेको थियो ।

२०७२ को संविधान जारी भए पश्चात् राज्यको पुनर्संरचना भएसँगै कर्णाली प्रदेशको मातहत रहने गरी तालुक प्रहरी प्रधान कार्यालय प्रशासनको पत्र आदेशानुसार नेपालगञ्ज उप-महानगरपालिका-१८ कारकाँदोमा छ ।

बुधबार सुर्खेत–२ का रास्वपा सांसद रमेश कुमार सापकोटाले पुनः दुलालथाईमै तालिम केन्द्र स्थान्तरणका लागि पहल भइरहेको भन्दै अनुगमन गरे । 'विगतमा जे-जे भए पनि यहीँ स्थान्तरणका लागि तयारी भैरहेको छ,' उनले भने, 'संरचनाका लागि पहल गर्ने कुरामा हामी लाग्छौं ।' प्रदेश प्रहरी प्रवक्ता राम प्रकाश शाह पनि तालिम केन्द्र दुलालथाई मै राख्ने गरी जग्गाको भोगाधिकारको लागि पहल भइरहेको बताउँछन् ।

'तत्काल जग्गाकै कुरा छ, संरचना बनाउन समय लाग्ला,' उनले भने, 'एकाई र कुकर शाखाको लागि पनि चिसापानीमा जग्गा छुट्टाएको त छ , संरचना नहुँदा तत्काल स्थान्तरणको समस्या छ ।' बाँकेमा रहेका कर्णालीका प्रहरी संरचनामा झण्डै ६ सय दरबन्दी छ । अहिले चार सय हाराहारीको जनशक्ति उतै छ ।

संघीय प्रहरी इकाइको हकमा अप्रेसनल काममा सपोर्ट गर्ने र अनुगमन गर्ने युनिट उतैबाट चल्छ । कुनै घटना हुँदा तत्काल परिचालन हुनुपर्ने कुकुर शाखा लगायतका इकाइहरु नै प्रदेश बाहिर हुँदा कर्णालीको शान्ति सुरक्षामा जोखिम बढ्ने भयो । सुर्खेतबाट झण्डै ३–४ घण्टाको दुरीमा छ, बाँकेको नेपालगञ्ज, कोहलपुर । कर्णालीमा कुनै घटना घटे तत्काल घटनास्थलमा तत्काल पुग्न ढिलाइ हुनुका साथै अनुसन्धानमा ढिलासुस्ती हुने गरेको प्रहरी अधिकारीहरू बताउँछन् ।

ठूला अपराधका घटनामा अनुसन्धानका लागि प्रहरीले तालिम प्राप्त कुकुरको प्रयोग हुन्छ । कर्णालीका लागि भनिएका ६ वटा तालिम प्राप्त कुकुर उतै छन् । कुनै ठुलो अपराध अनुसन्धान गर्नुपर्ने भएपछि लुम्बिनीबाट कुकुर ल्याउनुपर्ने कर्णालीसँग बाध्यता छ । जसले गर्दा अपराध अनुसन्धानमा ढिलाइ हुने गरेको सुरक्षा निकायका अधिकारीहरू बताउँछन् ।

'अहिलेसम्म त म्यानेज भइरहेको छ तर तत्काल रेस्पोन्स गर्नलाई त झण्डै तीन घण्टाको बाटो पर्छ, असर त छ नै,' प्रदेश प्रहरी प्रवक्ता शाह भन्छन् । अर्कातर्फ बाँकेमा रहेका कर्णालीका यी शाखाका भौतिक संरचनाको अवस्था निकै नाजुक छ । कार्यालयका भवनहरू जीर्ण हुँदा प्रहरी कर्मचारीहरू जोखिमपूर्ण अवस्थामा बसिरहेको छन् ।

कर्णालीको प्रमुख प्रतिपक्ष दलका प्रमुख सचेतक कृष्णबहादुर जिसी भन्छन्, 'म यसअघि कानुनमन्त्री भएका बेला अनुगमनमा त्यहाँ पुगेको थिएँ, अवस्था निकै

बाँकी ३ पेजमा

## ज्यान मुद्दामा बेल्डाँडी गाउँपालिकाका उपाध्यक्ष पक्राउ

**युग संवाददाता**
**महेन्द्रनगर, ४ वैशाख ।**




कञ्चनपुरको बेल्डाडी गाउँपालिकाका उपाध्यक्ष शान्ति नाथ पक्राउ परेकी छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमबहादुर शाहीले गाउँपालिका उपाध्यक्ष नाथलाई बिहीबार महेन्द्रनगरबाट पक्राउ गरेको जानकारी दिए ।

"ज्यानसम्बन्धी मुद्दामा पक्राउ गरी थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा राखिएको छ", शाहीले भने, "मुद्दा इप्रका बेल्डाडीबाट चलेको छ ।" किटानी जाहेरीपछि जिल्ला अदालत कञ्चनपुरले पक्राउ गर्न अनुमति दिएपछि नाथलाई नियन्त्रणमा लिइएको उनको भनाइ छ ।

कञ्चनपुरको बेलौरीमा मोटरसाइकलसहित हरिकिसन रानाको शव जलेको अवस्थामा फेला परेको थियो । बेलौरी नगरपालिका-१० को शिवनगर स्थित घटियाघाट रोड नजिकै गत वैशाखको पहिलो साता जलेको अवस्थामा बेल्डाँडी गाउँपालिका-३ कमरीका हरिकिसन राना मृत फेला परेका थिए ।

पचास वर्षीय राना सडकछेउको भुसामा मोटरसाइकलसहित जलेको

बाँकी ३ पेजमा

## एमफील विद्यार्थीलाई अभिमुखीकरण

**युग संवाददाता**
**सुर्खेत, ४ बैशाख ।**

मध्यपश्चिम विश्वविद्यालय अन्तर्गत ग्राजुएट स्कुल अफ म्यानेजमेन्टद्वारा सञ्चालित दर्शनाचार्य (एमफील) कार्यक्रममा भर्ना भएका छैटौं ब्याचका नयाँ विद्यार्थीहरूका लागि दुई दिने अभिमुखीकरण कार्यक्रम वीरेन्द्रनगर, सुर्खेतमा वैशाख ४ गतेदेखि सुरु भएको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा प्रमुख अतिथि विश्वविद्यालयका उपकुलपति प्रा. डा. ध्रुवकुमार गौतमज्यू, विशेष अतिथि विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्रा. डा. पन्ना थापाज्यू र रजिष्ट्रार प्रा. डा. शोभाखर कँडेलज्यूले अनुसन्धानमा आधारित उच्च शिक्षा एमफील तहको अध्ययनले समाजमा दीर्घकालीन एवम् सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्दै कार्यक्रम पूर्ण सफलताको शुभकामना व्यक्त गरे ।

अभिमुखीकरण कार्यक्रममा सहभागी २० जना विद्यार्थीहरूलाई प्रविधिसँग जोड्दै एमफील तहको अध्ययन संरचना, अनुसन्धान प्रक्रिया, प्राज्ञिक लेखन, सिकाइ व्यवस्थापन प्रणाली,मूल्याङ्कन पद्दति जस्ता विषयमा प्रशिक्षित गरिनेछ ।

कार्यक्रममा विषयविज्ञका रूपमा प्रा. डा. ध्रुवकुमार गौतम, प्रा. डा. नारायणप्रसाद पौडेल, प्रा. डा. चन्द्रप्रसाद रिजाल, सहप्रा. डा. अमृतकुमार शर्मा गैरे तथा सहप्रा. डा. पूर्णमान श्रेष्ठ लगायतले सहजीकरण गर्ने कार्यक्रम रहेको छ ।

उद्घाटन सत्रमा विभिन्न ग्राजुएट स्कूलका डीन, कार्यकारी निर्देशक तथा सरोकारवाला पदाधिकारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता डीन सहप्रा. डा. पूर्णमान श्रेष्ठले गरेका थिए भने स्वागत मन्तव्य विश्वविद्यालय सेवा आयोगका सदस्य सहप्रा. डा. अमृतकुमार शर्मा गैरेले र सञ्चालन प्रा. डा. चन्द्रप्रसाद रिजालले गरेका थिए ।

कला जोगाऔं, संस्कृति बचाऔं।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुर्याऔं ।




नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

**कथा :**

# काग पनि निदाए



धर्मेन्द्र नेम्बाङ



गुरु लेप्मुहाङ र जगरे दुवैजना घोरिएर बसेका थिए। उनीहरू एकआपसमा टुक्रुक्कै बसेर टाउको जुधाउँदै भुइँमा हेरिरहेका कारण अनुहार जुधेको थिएन। दुवै जनाले सिन्काले आआफ्नै पारामा भुइँ कोरिरहेका थिए। जुन कुरो नजिकैबाट कागले नियालिरहेको थियो।

(कागले ढुँड तल जोतेर मनमनै भन्यो - हुन त यो कथा हो। सिद्धान्त सञ्जालको या सँगसँगै जाने नीतिको। गुरु लेप्मुहाङ र चेला जगरेबिचको यो अध्याय तपाईंहरूले नपढनु भए पनि हुन्छ। तपाईंहरूलाई विचारधारा, सिद्धान्तका सम्बन्धमा केही जिज्ञासा भए अवश्य पढनु होला। नभए कथाको लागि त सिधै अर्को हाँगामा उफ्रिन पनि छुट छ अथवा काग काकाग।)

कागहरूले यति सोचेर जगरेलाई घेरेर ठुङ्न खोजिरहेको थियो। यस जोडीलाई छुट्याउने चाहना बुझिन्थ्यो। जगरेलाई यस कथामा सामेल नगराउने, लेप्मुहाङलाई एक्का बनाउने कल्लौरीको धार थियो। तर जगरे गुरुमा अझै लीन हुन चाहन्थ्यो। त्यस कारण उसले कागलाई भन्यो, 'म पनि केही बुझ्न केही सिक्न चाहान्छु। यो निरस सांसारिक जीवनबाट छुट्टी चाहन्छु।'

कागहरू जगरेसँग जङ्गिएर कुरा काटदै भन्न थाल्यो, ' यो जगरे महाचण्डाल भइटोपल्छ। कुन भीरमा गएर खस्छ ? पर्खौं न।'

जगरे भने गुरु लेप्मुहाङतिर ढल्केर प्रश्न गर्छ, 'तपाईं हजुर सन्याँसी, जोगी, साधु क्या हो ?'

गुरु - 'म अलिली साधु हुँ, साधकजस्तो। मनमा गेरुवावस्त्र धारण गरेको खासमा अभियन्ता हुँ। अभियन्ता, इन्द्रेणी गाउँ निर्माणको।'

जगरे - 'अभियान्ता भनेको क्या हो ?'

गुरु - 'अभियानकर्ता, बहुलरङ्गवाद अपनाएको। मनको रङ्ग पहेलो हुनुपर्छ भनेको। हामीले व्यवहारिक व्यापारिक काम गर्दागर्दै पनि संसारिक जीवनमै पनि सन्यासी, जोगी, साधु भएर काम गर्नु भन्ने कुरो। जस्तैः खेति गर्दागर्दै, जागिर खाँदाखाँदै, आवश्यक व्यवसाय गर्दागदै पनि मनमा साधुपन उमार्न सकिन्छ भनेको।'

जगरे - 'तपाईं बुद्धको लाइनभन्दा फरक भन्नुहुन्छ ?'

गुरु - 'त्यो भनेको बुद्धले शासन सत्ताको त्याग गरे र शासनमा फर्केननन्। मेरो चाहिँ शासन सत्तामार्फत् नै बुद्धको मूल्यलाई लागु गर्ने प्रक्रिया हो। तेसो गर्दा यो साधनवर्ग नवसन्यासी त हुन्छ। बैरागी, वितरागी त हुन्छ तर राज्यसत्ता निर्माण प्रक्रियामा भागेर जानेसम्मको सन्यासी, बैरागी, वितरागी हुँदैन। तेस कारण साधनवर्गको राग, वितराग र वैराग या बुद्धत्व या छुट्टी लोकतान्त्रिक प्रक्रियाबाट समस्याको समाधान खोज्ने सम्मत हुन्छ। त्यो बुद्धको दान पारमिता अथवा पहेँलो रङको बिसौनी हो। त्यहाँबाट अलि भागे बुद्धत्वमा पुगिन्छ। त्यहाँसम्म आइ नपुगे भोगी भइन्छ। यो भोगी र बुद्धत्वको बिच भाग जसलाई साधनवर्ग भनेको। जीवनलाई साधन बनाएको। अरूका जीवनको साध्यताका लागि, बुद्धत्व पनि साधनवर्ग नै हो तर यो साधनवर्गले राज्यसत्ता सञ्चालन गरेर अरूलाई लाभान्वित गराउँदछ। बुद्धले राज्यसत्ता सञ्चालन छोडेर मानवहितका लागि अरु बाटो अपनाए। जस्तैः व्यक्ति रुपान्तरणको बाटो। यो सत्तामार्फत् रूपान्तरको पाटो हो। फरक लाइन भनेको यही हो। साधनवर्गले राज्यसत्ता सञ्चालन गर्ने, साधनवर्गवालामा मनको रङ पहेँलो हुन्छ अथवा लोभ, लालच, मोह, राग, द्वेष, ईर्ष्या, झगडा, आरिस, कुण्ठा, झगडा आदिबाट छुट्टी भएको हुन्छ।'

जगरे - गुरु, साधनवर्गलाई अलि बुझाइदिनु हुन्छ कि ?'

गुरु - 'साधनवर्ग भनेको राज्यसत्ता सञ्चालन गर्ने वर्ग। यो वर्गले आफूले जतिसुकै कष्ट सहेर पनि अरूलाई उज्यालोको प्रतिफल दिन्छ। उदाहरणका लागि, भात पकाउँदा प्रेसर कुकरले जतिसुकै तापक्रमको कष्ट सहेर पनि चामल पकाइदिन्छ। तर आफैँ पग्लिँदैन। यो प्रेसर, राइस कुकर, ओदान, स्टोभजस्तै साधन हो। जो साधन हुन तयार छ, अरुलाई साध्य बनाउनको निमित्त। अथवा यो बुद्धको दानपारमिता भनेको अरुको भलाईका लागि आफ्नो स्वत्वको बलिदान गर्नु तर सट्टामा कुनै चाहना नगर्नु हो।'

जगरे - 'यो सम्भव छ त ?'

गुरु - 'यो सम्भव छ। अहिले केही तिरिक्क उज्यालोहरू छन्, तिनीहरुलाई निभ्न दिनुभएन। अनि अलि बढाउँदै लानु पर्यो। अन्त्यमा त्यसैलाई स्थायी बनाउनु पर्यो।'

जगरे - 'तपाईं समाजवाद परको यात्रा भन्नुहुन्छ ?'

गुरु - 'हो, यो समाजवादभन्दा परको यात्रा हो। यसले सकारात्मक तरङ्गको संसार इन्द्रेणी गाउँ निर्माणसँग सम्बन्ध राख्छ। यसले चालक प्रतिशतको सिद्धान्तसँग सम्बन्ध राख्छ। यसले सर्वअङ्ग संस्कृतिक क्रान्तिसँग सम्बद्ध राख्छ। युवा विचारसँग सम्बन्ध राख्छ। यसले हरियो समाजवादी अर्थनीतिसँग सम्बद्धता राख्छ। महानतम आदर्श व्यक्तिहरूको जन्मसँग सम्बन्ध राख्छ।'

जगरे - 'गुरु, सर्वअङ्ग साँस्कृतिक क्रान्ति र साधनवर्गमा कतिको फरक छ ?'

गुरु - चालक प्रतिशतको सिद्धान्तका हिसाबहरू छन्। त्यो हिसाबअनुसार जो आत्म-अनुशासनमा रहेको सर्वअङ्ग साँस्कृतिक क्रान्तिमा रहन्छ। यो क्रान्ति आफैँभित्र र आफूबाहिरको क्रान्ति हो। चालक प्रतिशतको सिद्धान्तअनुसार चालक प्रतिशतको पाँच प्रतिशत राजनीतिमा राख्नेहरू चाहिँ साधनवर्ग हुन्। उनीहरूको चाहिँ जीवनको साध्य नै साधन हुन्छ।'

जगरे - चालक प्रतिशतको सिद्धान्त भनेको चाहिँ के हो नि ?

गुरु - 'चालक प्रतिशतको सिद्धान्त भनेको व्यक्तित्व निर्माणको हिसाब हो। यसका लागि जम्मा सतप्रतिशतमा तीस प्रतिशत अध्ययन, तीस प्रतिशत आयआर्जन, तीस प्रतिशत समाजसेवामा छुटयाइएको हुन्छ। यसो गर्दा नब्बे प्रतिशत भयो। अब पाँच प्रतिशत कुन भागमा लगाउने व्यक्तिले निर्णय गर्छ। उही क्षेत्रले सो व्यक्तिको जीवनको नेतृत्व गर्छ। बाँकी पाँच प्रतिशतलाई चाहिँ छोडिदिनु पर्छ। सम्पूर्ण प्रतिशत उपयोग गर्न त सकिन्नँ। नेतृत्वको पाँच प्रतिशत भनेको त्यही तीसमा थपेर पैँतीस बनाउने हो। अरु तीस हुन्छन्, तेसरी नेतृत्व थपिएको पाँच प्रतिशतले गर्दछ। तेसैलाई चालक प्रतिशत भनिएको हो।'

जगरे - जस्तै ?

गुरु - 'एउटा मान्छेले चालक प्रतिशतको पाँच प्रतिशत अध्ययन, लेखन, सिर्जना राख्यो भने सो व्यक्ति साहित्यकार, कवि, शिक्षक, प्राध्यापन वा यस्तै केही हुन्छ। कोहीले सो पाँच प्रतिशत आयआर्जनमा राख्यो भने सो व्यक्ति उद्योगपति, व्यापारी, जागिरे, कर्मचारी, किसान यस्तै यस्तै हुन्छ। कोहीले सो पाँच प्रतिशत समाजसेवामा राख्यो भने सो व्यक्ति नेता, समाजसेवी हुन्छ।'

जगरे - त्यसो भए, युवा विचार भनेको चाहिँ के हो त गुरू ?

गुरु - 'युवा विचार भनेको विचार सधैं युवा भइरहनु पर्छ भन्ने कुरो हो। युवा विचार भनेको विचारले पुरानो विचार भत्काउन सक्ने तागत हो। विचारमा यो बल हुनुपर्छ। अनि विचार सधैं युवा भइरहने। यदि सो विचारले पुरानो विचारलाई विस्थापित गर्न सकेन भने त्यो विचार नै बुढो हुन्छ अथवा युवा विचार हुँदैन। तसर्थ युवा विचारले क्रमभङ्ग गर्न सक्नुपर्छ। विघटन गर्न सक्नुपर्दछ। यो सधैं गतिशील हुनुपर्छ।'

जगरे - अगि हरियो समाजवादी अर्थनीति भन्दै हुनुहुन्थ्यो। यो भनेको चाहिँ नि ?

गुरु - 'हरियो समतावादी अर्थनीति भनेको चपाल देश बनाउने आर्थिक नीति हो। यसको लागि सर्वप्रथम आत्मअनुशासन जरुरी हुन्छ। हरियो भनेको जीवनवादको सङ्केत हो। यो वास्तवमा हरियोपरियो हो भनेपछि वनजङ्गल, नदीनाला, प्रकृति, वनस्पति, पर्यावरण, जैविक विविधताको संरक्षण र उपयोग मान्नुस्। समाजवादी भनेको समानतामा विश्वास गर्ने भनेको समाजमा देखिने सबै प्रकारका असमान्ताको उन्मुलन गर्ने प्रावधान हो। अर्थनीति भनेको मुख्यतः यो आर्थिक कारोबारको विनियम भन्ने बुझ्नुपर्छ। यसलाई मुन्धुमको मानवतावादी, प्रकृतिप्रेमी, पशुपंक्षीप्रेमी दर्शन भनेर भन्नुस्।'

जगरे - 'गुरु, यो तपाईं हरेक कुरामा आत्मअनुशासन भन्नुहुन्छ!'

गुरु - 'हो, आत्मअनुशासन मात्रै मान्छेलाई बाँधेर राख्तछ। मान्छेलाई हिँस्रक हुनबाट जोगाउँछ। अलोकतान्त्रिक हुनबाट जोगाउँछ। अति भोगी हुनबाट जोगाउँछ। यिनीहरूमा बेइमानी, षड्यन्त्रकारी हुनबाट जोगाउँछ। अनि समाजलाई स्वस्थ र सुन्दर बनाउँछ। यो ज्यादै जरुरी महल हो। आत्मअनुशासन भनेको आत्मसंयमता या आत्मसंहिता हो।'

जगरे - 'महान्तम आदर्श व्यक्तिहरूको जन्म भनेको ?'

गुरु - 'आदर्श व्यक्तिहरूको जन्म भनेको आदर्श राज्यप्राप्तिका लागि आफूलाई तयार बनाएकाहरूको जमात हो। यो दानपारमिता र सकारात्मक सोच भएकाहरूको जमात हो। समाज बाँध्ने र जोड्ने योजकहरू। यो साधनवर्गको मानिसहरूको उपस्थिति हो। छुट्टी भएका मानवहरूको भेटघाट हो। यो ठुला वैज्ञानिकहरूको जन्म पनि हो। यो मुन्धुमको चुक्निवा र लादिप्पाको संस्करण हो।'

जगरे - सकारात्मक तरङ्गको गन्तव्यस्थल 'इन्द्रेणी गाउँ' भनेको नि ?

गुरु - 'माथिका पथहरूबाट हिँडेर हामी जुन ठाउँमा पुग्छौं त्यही सकारात्मक तरङ्गहरूको गन्तव्यस्थल, इन्द्रेणी गाउँ हो। जुन बुद्धहरूको राज्य, महात्माहरूको बस्ती, आदर्श मानवहरूको गाउँ। अन्याय, अत्याचार, शोषण, विभेद, भ्रष्टचार, होचोअर्घेलोरहित समाज। जसरी एउटा रङको तहले अर्को रङलाई निषेध, निमिटयान्न गर्न सक्दैन। खेल्न, खेलाउन मात्रै सक्छ। रङको गुणप्रधान इन्द्रेणी गाउँ। छुट्टी भएका मान्छेहरूको ठाउँ।'

जगरे - बहुलरङवाद के हो त ?

गुरु - वादहरूको बहुलता, रङहरूको बहुलता। बहुलताहरूको जीवन। जीवनको साध्यता।

गुरु चेलाले एउटा सानो अभ्यास सिध्याए। दुबै जनाको शरीरमा अस्थिपञ्जर, मांसपेशी र स्वासप्रश्वासको ठाउँ शब्दहरूले लिए। अहिले आवाज भने शून्य भइरहेको थियो।

जगरे - गुरू, आमुल परिवर्तन भनेको नि ?

गुरु - 'आमुल परिवर्तन भनेको मूलमै परिवर्तन भनेको हो। सो भनेको पात्र र चरित्रमा खोजिने परिवर्तन हैन कि मुहानमा खोजिने परिवर्तन। जस्तो कि दर्शन, विचारधारा, सिद्धान्त, नीति तथा कार्यक्रममा खोजिने परिवर्तन।'

जगरे - 'तेस्रो दर्शन भनेको नि ?'

गुरु - 'आत्मगत र बस्तुगत आए दर्शन आजसम्म तेसको ठाउँमा रङगत दर्शनलाई तेस्रो दर्शन मानेको।'

जगरे - गुरु, तपाईं बहुलरङवादका आठ बुँदा भनिदिनुहुन्छ ?

गुरु - 'मानव जातिलाई छुट्टी दिने आठ बुँदाहरू हुन्। जुन माथि सारंसमा आएको छ।

१. गतिशीलताको नियम आकस्मिकता निरन्तर।

२) व्यक्तित्व निर्माणमा चालक प्रतिशतको सिद्धान्त।

३) राज्यसत्ता सन्चालनमा साधनवर्ग।

४) यथास्थितिको विपक्षमा सधैं युवा विचार।

५) स्वस्थ समाजका लागि सर्वअङ्ग साँस्कृतिक क्रान्ति।

६) आर्थिक दृष्टिकोणमा हरियो समतावादी अर्थनीति।

७) गाउँपक्षमा महनतम आदर्श व्यक्तिहरूको जन्म।

८) सकारात्मक तरङ्गको गन्तव्य स्थल इन्द्रेणी गाउँ।'

गुरुले आठ बुँदाको सबिस्तार व्याख्या भइसकेको बताए। जगरेले बोले, 'सजिलो छ मलाई'। गुरुले भाषा बुझे कि उसलाई निकै गाह्रो परेको। त्यसैकारण उसको थेगो 'मलाई गाह्रो छ'लाई उल्ट्याएर सजिलो भनेको थियो।

सधैं जोक्स नगरी नसक्ने जगरेको व्याकरण कठिन भएको बुझेर गुरूले टाउको हल्लाए।

पर हेर्यो जगरेले, काला कागहरू बाँस नुहिएको टुप्पामा कराइरहेका थिए - काक् काक्। हावा चलेर बाँसलाई हल्लाइरहेको थियो, त्यसैले ती कागहरू उडेर जानेवाला थिए कतै। त्यहाँ बस्न नसक्ने भएका थिए हावाको चापले।

हावाहुरीकाबिच एउटा काग आएर जिस्कायो, ' हालखोबर कास्तो त ? केही सहयोग चाहिया कि ?' यति भनिसक्ता नसक्तै दुवै जना थाकेको भावमा चौरमा निदाए। उनीहरूको बिचमा थियो उनीहरूद्वारा रचित सिन्काले खेलिएको रेखाहरू। कागले उक्त चित्र नजिकैबाट नियालेर पढे।

जताततै मनपरी कोरेको रेखाहरूमा जगरेको कहीँ न कहीँ बगरे, चिमे खोला, ओखरबोटे खोल्सी, जहाज, प्रेमिका, काग, सरी, सुङ्गुर, रक्सी भट्टी, गिलास जस्तो लाग्थ्यो।

लेप्मुहाङले घुमाइफिराई राइट गरेर राइटको माथिपट्टि पनि दाहिने मोडेको थियो अनि यसैलाई क्रस गरेर फेरि उकत डाँडीमा उल्टोपाल्टो राइट देखिने कारेको थियो। यसै पृष्ठभूमिमा अरू थिए - डाँडाकाँडा, पहाडपर्वत, समतल, नदीनाला, लेप्मुहाङ्, बुद्ध, इप्नासरेङधङना, केशामी, नाम्सामी, थेवा, युमा, काग आदि।

कागले सम्झ्यो अघि जगरेलाई गुरुले भनेको, 'हेर त जगरे यहाँ के छ ?'

जगरे, 'राइटलाई उल्ट्याए जस्तो छ गुरु।'

गुरु, 'हैन, अझै राम्ररी घुमीफिरी हेर।'

जगरेले चक्कर मारेर घुमिफिरी हेरेर भन्यो, 'चारैतिरबाट राइट रहेछ गुरु।'

गुरुले भने, 'अँ, आफ्नो दृष्टिकोण सही भए यो संसारै सही छ। यो पृथ्वी गाउँ नै उज्यालो छ। यसका लागि आफू पनि कति ठाउँमा भत्किनुपर्छ अथवा घाटामा जानुपर्छ। जस्तो कि हिजोको राइट सङ्केतले मात्रै आज काम गर्न सक्तैन। त्यस कारण राइट सङ्केत पनि आज अलि भत्केको छ। हिजोको रङ (गलत, बेठिक) सङ्केतमा आज टुप्पी र फेदलाई अलि विपरीत मोड्दा उही चारैतिर राइटको सङ्केत बनेको छ। मान्नुस्, यो चारैतिर ठिकको शूत्रपात हो। यहीबाट बुझ्नु।'


यति बुझेर काग पनि नजिकै निदायो।

मानौं, काग पनि दिमागमा नयाँ फर्म्याट, नयाँ एप्स लगाएकाले रिस्टार्ट गर्न निदाएका हुन्।

## विश्व

### इजरायल-लेबनान युद्धविरामको सहमति :

# व्यावसायिक जहाजका लागि हर्मुज जलमार्ग खुला भएको इरानको घोषणा



**काठमाडौँ, ४ वैशाख।**

इरानले शुक्रबार युद्धविराम अवधिमा व्यावसायिक जहाजहरूका लागि हर्मुज जलमार्ग खुला गर्ने घोषणा गरेको छ। इजरायल र लेबनानबीच शुक्रबार १० दिनका लागि युद्धविराम गर्ने सहमति भएपछि इरानले हर्मुज जलमार्ग खोल्न सहमति जनाएको हो।

इजरायल र लेबनानबीच १० दिने युद्धविराम सम्झौता कार्यान्वयनमा आएसँगै अमेरिकाले उक्त युद्धविराम त्यसभन्दा पनि धेरै लम्बिन सक्ने बताएको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले लेबनानसँग 'ऐतिहासिक सम्झौताका लागि' यसले अवसर सिर्जना गर्ने आशा व्यक्त गरेका छन्। इरान समर्थित हिज्बुल्लाहले पनि युद्धविराम सम्झौता पालना गर्ने जनाएको छ। उक्त लडाकु समूहले लेबनानको भूमिमा आक्रमण रोक्ने र इजरेली सेना उक्त भूमिमा हिँडडुल बन्द गर्ने सर्तमा सहमति हुनुपर्ने पनि माग गरेको छ।

नभाडामा कर दिवसको छलफलमा युद्धबारे छोटो टिप्पणी गर्दै ट्रम्पले भने, 'यो निकै छिट्टै नै अन्त्य हुनु पर्छ।' उनले यसबारे थप व्याख्या नगरी युद्ध राम्रोसँग अघि

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**

| | |
|---|---|
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

**वृष** — सुखद् समाचारले उत्साह जगाउनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। आम्दानीका स्रोत बढ्ने छन्।

**मिथुन** — पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**कर्कट** — खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

**सिंह** — दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ।

**कन्या** — कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ।

**तुला** — धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ। आस मारेको काम बन्नाले उत्साह जाग्नेछ।

**वृश्चिक** — व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ।

**धनु** — पछिका लागि अवसर खोजी गर्ने समय छ। पेसा-व्यवसायमा विशेष लाभ लिने समय छ। व्यापार बढ्नेछ भने आम्दानी पनि प्रशस्तै बढ्नेछ।

**मकर** — पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन्।

**कुम्भ** — अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ।

**मीन** — प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ वा हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ।

**कथा :**

# रङ्ग नम्बर



शुषमा चित्रकार

धेरै दिनदेखि नबजेको ल्याण्डलाइन फोन अचानक बज्यो ।

पुरानो भइसकेको त्यो फोनको अब खासै प्रयोग हुँदैनथ्यो– तर हटाइहाल्न मनले मानेको थिएन । महीनामा दुई-चारवटा कल आउँथे त्यसमा । अरु बेला चुपचाप बैठक कोठाको कुनामा पर्खिरहन्थ्यो ।

मेरो ध्यान भङ्ग गर्दै घन्टी फेरि बज्यो । घडीतिर हेरेँ– रातको नौ बजिसकेको थियो । पढ्दै गरेको किताब सिरानीमाथि राखेर उठेँ ।

यतिबेला को हुन सक्छ ?

"हेलो !", अल्छी मान्दै फोन उठाएँ ।

"मैले त झन्डै फोन राखिसकेको," उताबाट आवाज आयो, "यति चाँडै सुतिसकेकी थिएनौ नि ?"

मीठो, नरम, अपनत्वले भरिएको त्यो आवाज– तर चिन्न सकिनँ ।

"अहँ, छैन ।"

"स्वर त निदाउन लागिसकेको जस्तो सुनिन्छ...", ऊ हाँस्यो । त्यो हाँसोमा हल्का जिस्काइ थियो, "मैले डिस्टर्ब त गरिनँ ?"

ऊ बोलिरहँदा म ध्यान दिएर सुनिरहेकी थिएँ । जति सुने पनि त्यो आवाज परिचित लागेन ।

एकातिर मेरो पढाइ भङ्ग भएको थियो, अर्कोतिर उसको त्यो सहज प्रश्न– मैले 'रङ्ग नम्बर' भनेर फोन राखिदिनुपर्ने थियो, तर राखिनँ ।

मेरो जवाफ नै नपर्खी उसले सोध्यो– "तिमीले निलेशको 'पर्खाल' किनिसक्यौ ?"

"छैन ।"

"नकिन्नु है । मसँग छ– भोलि दिन्छु ।"

म हाँसें ।

कति निश्चिन्त भएर कुरा गरिरहेको थियो ऊ । कुनै अपरिचितसँग कुरा गर्दै छु भन्ने थोरै भान पनि थिएन उसलाई ।

"तपाईंले शायद रङ्ग नम्बर डायल गर्नुभयो," मैले सुस्तरी भनेँ ।

ऊ छक्क पऱ्यो, "तिमी दीपा हैनौ र ?"

"होइन नि ।"

फोनमा एकैछिन मौनता छायो– मानौं ऊ यकीन हुन खोजिरहेको थियो । लाइन काटिएको थिएन; उताबाट सानो स्वरमा गीत बजिरहेको सुनिन्थ्यो ।

"सरी... डिस्टर्ब गरें," उसले अप्ठ्यारो मान्दै फोन राख्यो ।

मैले किताब फेरि उठाएँ– तर अक्षरहरू अर्थ बनेर मनसम्म आइपुग्न सकेनन् ।

उसको नरम, सुमधुर आवाज कानभित्र गुन्जिरह्यो । किन फोन राखिनँ मैले ? किन त्यो आवाज अलि धेरै बेर सुन्न मन लाग्यो ? शायद धेरै दिनपछि कसैले यसरी सहजै कुरा गरेको थियो मसँग– बिन्दास, आफ्नैजस्तो गरी । अपरिचितको आवाज यति आफ्नैजस्तो लाग्नु– के यो सामान्य हो ?

उचित हो कि होइन– मसँग कुनै स्पष्ट जवाफ थिएन ।

दिन बित्दै गए । अफिस, काम, मान्छेहरू– सबै पहिलेजस्तै । एक साँझ, साथीसँग फिल्म हेरेर घर फर्किएकी मात्र थिएँ– ल्याण्डलाइन फोन बज्यो ।

पहिले आफन्तको– भोजको निम्तो । फोन राखेपछि फेरि घन्टी बज्यो, तर केही सेकेन्डमै रोकियो ।

मैले हाँस्दै सोचेँ– "शायद फेरि कसैको रङ्ग नम्बर होला..."

फोन फेरि बजेन ।

खाना खाएपछि टहलिन म कौसीमा निस्किएँ । दिउँसो तातो बढ्न थाले पनि रात अझै चिसो नै थियो । सडकछेउका रुखहरू उँघिरहेका थिए । टाढासम्म फैलिएको बत्तीको उज्यालोमा शहर सुस्ताएको जस्तो देखिन्थ्यो ।

आकाशमा जून थिएन– मात्र साना-ठूला तारा टिल्पिलाइरहेका थिए ।

वरिपरिको शान्तिलाई चिर्दै भित्र कोठामा फोन बज्यो ।

फोन उठाएँ– "हेलो ।"

उताबाट केही आवाज आएन ।

"हेलो ?" मैले फेरि भनेँ ।

"म... रङ्ग नम्बर ।", आवाज अलि नर्भस थियो ।

मैले हाँस्दै सोधेँ– "को रङ्ग नम्बर ?"

"अस्ति फोन गरेको थिएँ नि... किताबको कुरा गर्दै," उसले सम्झायो ।

"दीपालाई भनेर ?"

"हो... नम्बर गलत परेको रहेछ ।"

"अनि आज ?"

"आज नम्बर सही डायल गरेको छु... एउटा कुरा सोध्न ।"

"सोध्नुस् न ।"

ऊ केही क्षण चुप रह्यो– मानौं सोधूँ कि नसोधूँ भन्ने दोधारमा ।

"तपाईंले त्यो दिन रङ्ग नम्बर भनेर बीचैमा फोन किन काट्नु भएन ?"

प्रश्न सरल थियो, तर जवाफ त्यति सजिलो थिएन ।

"त्यो बेला फोन राखिहाल्न उचित लागेन," मैले भनेँ, "फेरि तपाईंले कुनै नराम्रो कुरा पनि त गर्नुभएको थिएन ।"

ऊ केहीबेर चुप रह्यो ।

"धन्यवाद... शुभरात्रि ।" उसले फोन राख्यो ।

त्यसपछि पनि उसको फोन आइरह्यो । दुई-चार दिन बिराएर । कहिले छोटो, कहिले लामो ।

हामीले न नाम सोध्यौँ, न परिचय खोज्यौँ । बिना भूमिका– सिर्फ आवाजले नै सम्बन्धलाई अगाडि बढाइरहेको थियो ।

ऊ आवाज पढ्न निकै माहिर थियो । म कम बोलेको दिन ऊ तुरुन्तै बुझ्थ्यो– "आज तपाईंलाई पक्कै केही भएको छ है ?"

खै ऊ कसरी बुझ्थ्यो यो !

समयसँगै संवादहरू बदलिँदै गए । नाम, ठेगाना, अनुहार– यी सबै अझै पनि मेरा लागि अपरिचित थिए तर उसको मीठो आवाज परिचय बनेर मभित्र गहिरिँदै थियो । कहिलेकाहीँ सोच्दा हाँसो उठ्थ्यो- र त्यो सँगै मिसिएर अव्यक्त डर पनि लाग्थ्यो ।

एक दिन मौसम एक्कासि बिग्रियो । बिहानदेखि कालो बादल मडारिरह्यो, हावाहुरी चलिरह्यो । साँझ पर्न नपाउँदै आँधीले झरीसँगै विकराल रूप लिन थाल्यो । बाहिर बहिरहेको हावाको वेगले झ्यालका काँच काँपिरहेका थिए । भित्रको डर, बाहिरको अँध्यारोसँग मिसिएर अझ गहिरिँदै थियो ।

कतै कापबाट छिरेको हुरीको तीखो आवाज साँची नै भयानक थियो, मानौं कुनै डरलाग्दो फिल्मको दृश्य चलिरह्यो । म सोफामा चिन्तित बसिरहेकी थिएँ । दृष्टि भने बारम्बार फोनतिर गइरहेको थियो ।

म प्रतीक्षा गरिरहेकी थिएँ– एउटा रङ्ग नम्बरको ।

अचानक– घन्टी बज्यो । पहिला त त्यो आवाज वास्तविक हो कि भ्रम– छुट्याउन गाह्रो पऱ्यो ।

फेरि घन्टी बज्यो । फोन उठाएँ ।

"म... रङ्ग नम्बर," केही भन्नु अघि उसैले पहिले बोल्यो ।

"आज ढिलो भएन र ?" मैले सोधेँ । घडीमा दश नाघिसकेको थियो ।

ऊ हाँस्यो– तर त्यो हाँसो पहिलेको जस्तो थिएन ।

"यदि फेरि...", उसको आवाज बीचैमा टुट्यो ।

"फेरि के ?" मैले हतारिँदै सोधेँ ।

हुरीको आवाजबीच बोली प्रस्ट थिएन । लाइन पनि चिर्चिर गर्दै थियो ।

"यदि फेरि फोन...", ठूलो चट्याङको आवाजसँगै वाक्य अधुरै रह्यो ।

"हेलो ? हेलो !"

कानमा मेरो आफ्नै आवाज मात्र फर्कियो । शायद उताको लाइन काटियो । एकैछिनमा मेरो फोनमा पनि कुनै आवाज आएन । बाँकी रह्यो– बस् एउटा गहिरो शान्ति ।

त्यसपछि फोन कहिल्यै बजेन । पछि थाहा भयो, आँधीले धेरै लाइनहरू बिगारेछ ।

एक दिन आमाले भन्नुभयो– "यो फोन हटाइदिऊँ अब ।"

मैले केही भनिनँ ।

ल्याण्डलाइन फोन हटेको पनि धेरै भइसक्यो । त्यो कुनामा अब केवल रित्तता बाँकी थियो- बेनाम रित्तता ।

"त्यो केवल एउटा रङ्ग नम्बर थियो," मैले आफूलाई सम्झाउन खोजेँ, "शायद केही सम्बन्ध अधुरा हुन लेखिएका हुन्छन् ।"

झरिपछि घाम, हिउँदपछि गर्मी- समय बगाइसँग दिनहरू महीनामा, महीना वर्षमा बदलियो ।

जीवन आफ्नै लयमा अघि बढिरह्यो– तर कहिलेकाहीँ अनायास त्यो आवाज सम्झनामा गुन्जिन आइपुग्थ्यो– अधुरो वाक्यजस्तो गरी ।

एक दिन एउटा किताब पसलमा थिएँ । नयाँ-पुराना किताबहरूको ठूलो प्रदर्शनी लागेको थियो ।

भीडभित्र सबै आफ्ना मनपर्ने किताबका पाना पल्टाइरहेका थिए । कागजको गन्ध र हल्का कोलाहलमा त्यहाँ छुट्टै संसार देखिन्थ्यो ।

मैले एउटा किताब उठाएँ– "पर्खाल" ।

औँलाले छोइएको त्यो आवरणको नाममा पुरानो सम्झना थियो ।

"त्यो किताब... राम्रो छ," छेउबाट आवाज आयो ।

परिचितझैँ लाग्यो । आवाजतिर फर्किएँ । अपरिचित अनुहारभित्रको परिचित पहिचान– त्यो उही आवाज थियो ।

केही बेर हामी दुबै बोलेनौँ ।

"रङ्ग नम्बर ?", मैले मुस्काउँदै सोधेँ ।

ऊ पनि हाँस्यो– उसको उही चिरपरिचित शैली, स्वाभाविक हाँसो । सम्झनाहरू जोड्न त्यहाँ हामीलाई कुनै परिचय आवश्यक परेन । बस्, त्यो पुरानो आवाजको कडी नै पर्याप्त थियो ।

"यत्तिका वर्षपछि पनि चिनिहाल्नुभयो ?"

"कुनै कुनै आवाज सम्झनामा रहिरहन्छन् ।" मैले जवाफ दिएँ ।

"तपाईंलाई थाहा छ ?" उसले फेरि भन्यो, "त्यो आँधीपछि धेरै दिनसम्म मैले त्यही नम्बरमा फोन गर्ने कोशिश गरिरहेँ ।"

मन हल्का काँप्यो । "तर त्यो फोन त हटिसक्यो ।" मैले बिस्तारै भनेँ ।

"शायद त्यसैले– केही कुरा खोज्दा पनि भेटिँदैनन्," ऊ मुस्कायो ।

जानुअघि उसले त्यही किताब किन्यो र मेरो हातमा दियो, "यसपटक तपाईंलाई किताब दिन ढिला भएन ।"

पाना पल्टाएँ । भित्र लेखिएको थियो, "सप्रेम सम्झना सहित – रङ्ग नम्बर"

परसम्म नजर दौडाएँ- ऊ भीडभित्र हराइसकेको थियो । यसपटक भने केही पनि अधुरो लागेन ।

ती अक्षरहरूमाथि बसेको उसको उपस्थिति– एउटा आवाज बनेर रहिरह्यो ।

मलाई लाग्यो– सबै रङ्ग नम्बर गलत कहाँ हुन्छन् र ? बस् आशय गलत हुनु हुँदैन । त्यसैले त– ती सम्झनामा मात्रै बाँच्दा पनि निकै मीठा हुन्छन् ।

**गजल**

# आमाको अनुहार



मेलिना बुढाक्षेत्री



बैशाखको त्यो बिहान
हल्का घामको न्यानोपनमा
मनभरि सम्झनाका तरङ्गहरू
उठ्छन्–
आज आमाको मुख हेर्ने दिन।
कहिले नथाक्ने ती हातहरू
हामीलाई सम्हाल्नमै बिते,
आफ्ना सपना थाती राखेर
हाम्रो भोलि उज्यालो
बनाइदिइन् ।

सानो हुँदा रोएँ भने
उनको काख नै संसार थियो,
भोक लाग्दा उनले पकाएको
भात
जिन्दगीकै सबैभन्दा स्वादिलो
थियो ।
रातभर निद्रा नपरी
हाम्रो ज्वरो नाप्दै बस्ने,
आफ्नो पीडा लुकाएर
हामीलाई हाँस्न सिकाउने–
त्यो अनुहार सम्झँदा
आज आँखा रसाउँछ ।
समयको धारले
कपाल सेताम्य बनायो,

तर माया भने
झन् झन् गाढा हुँदै गयो।
आमाको मुस्कानभित्र
अनगिन्ती त्याग लुकेका छन्,
आमाको आँसुमा
हाम्रो भविष्यको कथा
लेखिएको छ ।

आजको दिन
मन्दिर पुगेर मात्र होइन,
आमाको मुटु बुझेर
उनीप्रति सम्मान जनाउने दिन
हो ।
जीवनको हरेक मोडमा
हामीलाई सम्हाल्ने त्यो छायाँ,
कहिल्यै टाढा नहोस्
भनेर मनले कामना गर्छ ।

आमा,
तपाईंको अनुहार हेर्दा
मेरो संसार उज्यालिन्छ,
तपाईं बिना

यो जीवन अधुरो लाग्छ ।
तपाईंको माया
आकाशभन्दा विशाल,
समुद्रभन्दा गहिरो,
र समयभन्दा पनि अमर छ ।
आजको दिनमा मात्र होइन
हरेक दिन
तपाईंलाई सम्झिरहूँ,
तपाईंलाई माया गरिरहूँ ।

आमा,
तपाईं हुनुहुन्छ
मेरो पहिलो गुरु,
मेरो पहिलो साथी,
मेरो जीवनको आधार ।
आमाको मुख हेर्ने दिन
सिर्फ एक पर्व होइन,
यो त हाम्रो हृदयमा बसेको
अनन्त प्रेमको उत्सव हो ।

*(कक्षा : ६
सुर्खेत मोडेल एकेडेमी)*


नेपाल सरका
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, सुर्खेत**

**मालपोत कार्यालय सुर्खेतबाट जारी भएको श्रेस्ता कायम जग्गा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**मितिः २०८३/०१/०४ गते**

जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका बडा नं. १० वस्ने कृष्ण कुमारी गौतमकोले मेरो श्रीमान् ज.ध. कृष्ण बहादुर गौतमको नाममा सुर्खेत जिल्ला साविक लाटीकोइली गा.वि.स. वडा नं. ४ख कि.नं. २४३ क्षेत्रफल ०-१-० कठ्ठा/व.मी. क्षेत्रफल भएको जग्गा रहेकोमा निजको मिति २०७७/०६/१८ मा मृत्यु भएको र जग्गाको पुर्जा हराएको तथा यस कार्यालयको कम्प्युटरको अभिलेख अनुसार कम्प्युटरमा अभिलेख नरहेको र मोठमा मि.नं. २२ मिति २०६३/०९/१२ को दा.खा. नामसारीले दा.खा. भई गएको भन्ने प्रमाणित नभएको कैफियत भएको भनि प्रमाणित भई आएको, नापी कार्यालयको अभिलेखमा सुर्खेत जिल्ला साविक लाटीकोइली गा.वि.स. वडा नं. ४ख कि.नं. २५३ क्षेत्रफल ०-१-० कठ्ठा/व.मी. क्षेत्रफल भएको र नापी कार्यालयको च.नं. १०४५ मिति २०८२/१२/०२ र द.नं. १०९५ मिति २०८२/१२/१० को पत्रानुसार मिति २०८२ भाद्र २४ गतेको आन्दोलनका क्रममा जलेर नष्ट भएकाले फिल्डबुक प्लट रजिष्टर उतार तथा ट्रायल चेक गरी पठाउन नसकिएको भनी लेखि आएकोले निवेदकको दावी अनुसार कार्य सम्पादान गर्न नसकिएकाले दावी कित्ताको चौहद सधियारहरुको रोहवरमा स्थलगत सर्जमिन मुचुल्का गरी निर्णय गर्ने भनी मिति २०८१/१२/१६ गतेको आदेश अनुसार चौहद सधियारहरुको रोहवरमा स्थलगत सर्जमिन मुचुल्का गर्न नसकिएकोले जग्गा धनी कृष्ण बहादुर गौतमका नाममा दर्ता कायम तपशिल बमोजिमको जग्गाको कित्ता कायम गरी मेरो नाममा नामसारीका लागि श्रेस्ताको प्रतिलिपी पाउँ भनि यस कार्यालयको द.नं. ७७३३ मिति २०८२/११/२७ र द.नं. ८११४ मिति २०८२/१२/०४ को माग निवेदन अनुसार मागदावी रहेकोमा निज बाहेक उल्लेखित जग्गामा अन्य कसैको हकदाबी भए वा कित्ता कायम गरी नामसारी प्रयोजनका लागि श्रेस्ताको प्रतिलिपी माग गरेको जग्गा निवेदकको नाममा कायम गरी नामसारी प्रयोजनका लागि श्रेस्ता दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लेखित कित्ता जग्गाको हकमा नामसारीको लागि यस पुर्व मिसिल भिडाई नामसारी प्रक्रियामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला। तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम जग्गा कित्ता कायम गरी नामसारीको लागि श्रेस्ताको प्रतिलिपी उतार गरी नामसारी भई जानेछ र यस बिषयमा पछि कसैको कुनै दाबी नलाग्ने ब्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

**तपशिलः**

| गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम | निवेदकको नाम |
|---|---|---|---|---|---|
| लाटीकोइली | ४ख | २४३ | ०-१-१२ | कृष्ण बहादुर गौतम | कृष्णा कुमारी गौतम र विष्णु गौतम |


## ज्यान...

अवस्थामा मृत फेलापरेको विषय केही दिनअघि प्रतिनिधीसभामा कञ्चनपुर निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित सांसद दीपक बोहराले निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको माग गरेका थिए । प्रहरीले घटना सडक छेउमै भएकाले सडक दुर्घटना भएको वा हत्या भएको विषय शङ्कास्पद भन्दै अनुसन्धान गरिरहेको थियो ।

## व्यावसायिक...

बढिरहेको बताए । ट्रम्पले युद्धमा अमेरिकी सेनाको भूमिकाको पनि प्रशंसा गरेका छन् ।

गत सप्ताहान्तमा अमेरिका र इरानबीच इस्लामाबादमा भएको वार्ता असफल भएको थियो। यद्यपि पाकिस्तान सहितका मध्यस्थकर्ताहरूले दोस्रो चरणको वार्ताका लागि पहल गरिरहेका छन् । ह्वाइट हाउसले सम्भावित दोस्रो चरणको शान्ति वार्ताबारे छलफलहरू भइरहे पनि मिति र स्थान तय नभएको तर वार्ताको सम्भावना बढेको जनाएको छ ।

इरानका विदेश मन्त्री सइद अब्बास अरागचीले सामाजिक सञ्जाल एक्समा एक पोस्टमा लेखेका छन्, 'लेबनानमा युद्धविरामको अनुरूप, अमेरिका-इरानबिचको युद्धविरामको बाँकी अवधिको लागि हर्मुज जलमार्ग भएर आवतजावत गर्ने सबै व्यावसायिक जहाजहरूको लागि मार्ग पूर्ण रूपमा खुला गरिएको छ ।'

उनले लेबनान र इजरायलबीच मध्यरातदेखि लागू भएको १० दिने युद्धविरामको कुरा गरेका हुन् वा अप्रिल ८ मा इरान र संयुक्त राज्य अमेरिकाबीच सुरु भएको दुई हप्ताको युद्धविरामको बारेमा कुरा गर्नुभएको हो भन्ने भने उनको पोष्टबाट प्रष्ट हुन सकेको छैन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामका लागि महत्वपूर्ण 'स्ट्रेट अफ हर्मुज' व्यनावसायिक जहाजका लागि खुला गर्ने इरानको घोषणाको स्वागत गरेका छन् ।

## चर्चा...

जीर्ण रहेछ ।' कर्णालीको कार्यालय लुम्बिनीमा रहँदा त्यहाँको जमिनमा नयाँ संरचना थप्न नपाउने बाध्यता छ । 'पुराना संरचना भत्किरहेका छन्, जोखिमपूर्ण अवस्थामा छन्, यहाँ सुरक्षा अधिकारीहरूलाई बस्न पनि जोखिम छ,' उनले भने ।

प्रहरी अधिकारीहरूका अनुसार, स्थान्तरणको चर्चा हुने तर बजेट विनियोजन गरिँदैन । विगतमा प्रदेश सरकारले फाट्टफुट्ट बजेट छुट्याउने गरेपनि यो वर्ष त्यस्ता संरचना स्थान्तरण तथा स्थापनाका लागि कुनै बजेट नरहेको बताउँछन्, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव उत्तम गौतम ।

'विगतमा केही बजेट छुटिन्थ्यो, अहिले त्यस्तो बजेट केही छैन,' उनले भने । संविधानतः प्रदेश सरकारलाई शान्ति सुरक्षाका क्षेत्रलाई अधिकार सम्पन्न बनाइएको छैन । जसका कारण ती संरचनालाई प्रदेशमा सार्नका लागि कानुनी जटिलता रहेको कर्णालीका पूर्वकाननुमन्त्रीहरूको भनाइ छ । कर्णाली प्रदेशका पूर्व कानुन मन्त्री हिमबहादुर शाही संघ र प्रदेशले साझा दायित्वमा गर्नुपर्ने कुराका सन्दर्भमा संघ नै अगाडि बढ्न नचाहेकाले ती संरचना प्रदेशमा ल्याउन कठिनाइ बताएको बताउँछन् । बिहीबार प्रधानमन्त्री बालेन साहले मुख्यमन्त्रीहरुसँग गरेको छलफलका क्रममा कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले लुम्बिनीमा रहेका कर्णालीका प्रहरी संरचना स्थान्तरणको विषय पुनः उठाएका छन् ।


**वीरेन्द्रनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**करार कर्मचारी छनोट सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/०४)**

यस कार्यालयको मिति २०८३/०१/०४ गतेको निर्णयानुसार यस नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम देहायको पदमा खुला प्रतिस्पर्धात्मक प्रक्रियावाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | माग पद संख्या | किसिम |
|---|---|---|---|---|---|---|
| १ | २३/२०८२/०८३ | इलेक्ट्रिसियन | तृतीय | प्राविधिक | २ | खुला |

यस सम्बन्धि विस्तृत विवरण तथा दरखास्त फाराम कार्यालयको वेवसाईड www.birendranagarmun.gov.np तथा कार्यालयको फेसवुक पेज वीरेन्द्रनगर नगरपालिका सुर्खेतबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ साथै दरखास्त फाराम तथा थप जानकारी कार्यालय समयभित्र वीरेन्द्रनगर नगरपालिकाको प्रशासन शाखाबाट समेत प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# फेसबुकले ल्यायो अठार वर्षपछि हराएको छोराको खबर, परिवार पुनर्मिलनको प्रतीक्षामा

**युग संवाददाता**
**कञ्चनपुर, ४ वैशाख ।**

सामाजिक सञ्जाल फेसबुकमा अपलोड गरिएको एउटा भिडियोले १८ वर्षदेखि हराएको छोराको खबर ल्याएपछि शुक्लाफाँटा नगरपालिका-१२ का डम्बरबहादुर नेगीको परिवारमा खुसीयाली छाएको छ। लामो समयदेखि सम्पर्कविहीन रहेका छोरा दीपक जीवित रहेको खबर पाएपछि परिवार पुनर्मिलनको प्रतीक्षामा छ।

घरको कमजोर आर्थिक अवस्थाका कारण १८ वर्षको उमेरमा रोजगारीको खोजीमा भारत गएका दीपक गाउँकै एक आफन्तसँग हिमाञ्चल पुगेका थिए। त्यहाँ काम गर्ने क्रममा बिरामी परेपछि 'अस्पताल जान्छु' भनेर हिँडेका उनी त्यसपछि सम्पर्कविहीन भएका थिए। त्यसयता उनी कहाँ छन् भन्ने कुनै जानकारी परिवारले पाउन सकेको थिएन।

समय बित्दै जाँदा परिवारले आफन्त र चिनेजानेकाहरूसँग खोजी गरे पनि कुनै पत्तो लागेन। अन्ततः दीपक जीवित छन् कि छैनन् भन्ने नै अन्योलमा परेको अवस्थामा परिवारले आशा मारेको थियो। तर नियतिले नयाँ मोड लियो।

भारतको लेह-लद्दाख क्षेत्रमा चौँरीगोठमा काम गरिरहेका एक नेपालीले दीपक नेगीसँग भेट गरेका थिए। कुराकानीका क्रममा उहाँले आफू कञ्चनपुरको देखतभूलीको दीपक (दीपु) नेगी भएको बताएका थिए। त्यसपछि ती नेपालीले दीपकको नाम, ठेगाना र अवस्थासहितको भिडियो फेसबुकमा अपलोड गरे। उक्त भिडियो सामाजिक सञ्जालमार्फत फैलिँदै नेगी परिवारसम्म पुगेको हो। प्रहरीमार्फत सूचना वडा कार्यालयसम्म पुगेपछि परिवार र भिडियो अपलोड गर्ने व्यक्तिबीच सम्पर्क स्थापित भएको थियो। त्यसपछि फेसबुक र फोनमार्फत दीपकको अवस्थाबारे थप जानकारी लिइएको छ।

मोबाइलको स्क्रिनमा १८ वर्षपछि छोराको अनुहार देख्दा परिवारका सदस्यहरू स्तब्ध बनेका थिए। एकछिन त विश्वास नै गर्न नसकेको परिवार त्यसपछि भावुक बनेको थियो। "भगवान्ले नै आएर खबर सुनाएजस्तो भयो", दीपकका बुबा डम्बरबहादुर नेगीले भने, "यति वर्षपछि छोराको खबर पाउनु नयाँ जीवन पाएजस्तै हो।"

आमा मानमती नेगीका लागि पनि त्यो क्षण अत्यन्त भावुक रह्यो। "पहिले त विश्वास नै लागेन, पछि राम्रोसँग हेर्दा आफ्नै छोरा हो भन्ने थाहा पाएँ", उनले भने, "खुसीले बोल्न सकिनँ, आँसुमात्रै आयो, अब छिट्टै भेट्ने व्यग्र प्रतीक्षा छ, छोरा भेट्ने अझै बेचैनी बढ्दै जान थालेको छ।"

परिवारका अनुसार दीपक केही वर्षदेखि मानसिक रूपमा अस्वस्थ छन्। काम गर्ने ठाउँका मालिकले उपचार गराइरहेका छन् भन्ने जानकारी प्राप्त भएको छ। सीमित स्रोतसाधनका बाबजुद गरिएको सहयोगप्रति परिवारले आभार व्यक्त गरेको छ। हाल नेगी परिवार र दीपकबीच फेसबुक भिडियो कलमार्फत नियमित सम्पर्क भइरहेको छ। लामो समयपछि छोरासँग कुरा गर्दा परिवार अझै पनि विश्वास गर्न गाह्रो भइरहेको बताउँछ।

"फोनमा आवाज सुन्दा र भिडियोमा देख्दा मन भरिन्छ", बुबा डम्बरबहादुरले भने, "अब छिट्टै घर ल्याउन पाए सबै दुःख बिर्सिन्छौँ।" छत्तीस वर्षीय दीपकलाई घर फर्काउने तयारी पनि सुरु गरिएको छ। दुर्गम लेह-लद्दाख पुग्न समय र खर्च दुवै लाग्ने भएकाले परिवार आवश्यक स्रोत जुटाउने कार्यमा लागेको छ। आफन्तसँग सरसापट र कर्जा मागेर भए पनि दीपकलाई ल्याउनका लागि तयारी गरिएको छ।

हाल दिल्लीमा कार्यरत दीपकका दाजु र भाउजुले यसै महिनाको २० तारिखतिर लद्दाख पुगेर उहाँलाई घर ल्याउने योजना बनाइरहेका छन्। परिवारले ल्याउनका लागि अब ढिलाइ नगर्ने जनाएको छ। वडाध्यक्ष नवलसिंह रानाका अनुसार प्रहरीमार्फत सूचना प्राप्त भएपछि परिवारलाई जानकारी गराइएको र भारतस्थित सम्पर्क व्यक्तिसँग समन्वय गरिएको हो। "फेसबुककै कारण वर्षौँदेखि हराएको व्यक्ति परिवारसँग जोडिनु प्रविधिको सकारात्मक प्रयोग हो", उनले भने।

नेगी परिवारका छिमेकी वडा सदस्य जयसिंह भण्डारीले पनि फेसबुक भिडियोमार्फत दीपक जीवित रहेको थाहा पाउँदा गाउँभरि खुसी छाएको बताए। नेगी परिवारका तीन छोरामध्ये दीपक माइला हुन्। जेठो र कान्छो छोरा भारतमै रोजगारीमा छन् भने बुबा गाउँकै सामुदायिक वनमा चौकीदारका रूपमा कार्यरत छन्।

## घुयँत्रो



एमाले अध्यक्ष वलि अस्पतालकै बेडमा सुतिसुति गण्डकी प्रदेशको सरकार परिवर्तन गरेका छन। रावनीतिमा केही न केही उथलपुथल नगरि बस्न नसक्ने वलिले केन्द्रिय सत्ता गुमाएनि प्रादेशिक र स्थानीय सत्ताचाईं वलिकै हातमा छ। सम्भब त यो ८४ सम्मनै कायम रहनेछ। केन्द्रमा वलिका विरुद्ध नेतृत्व छोडनका लागि दवाब परेपनि उनले प्रदेश र स्थानीय तहका नेताबाट त्यो आवाज बन्द गराउन सक्ने आँकलन पनि राजनीतिक क्षेत्रमा गरिएकोछ भने यहिवीच वलि कर्नालिको प्रदेश सरकार पनि परिवर्तन गर्न चाहन्छन। काँग्रेस र एमालेवीच पटक्कै  सहकार्य हुन नसकेको एमाले सरकारमा आमसिक वा आमूल परिवर्तन गरेर भएपनि वलि पाटिमा आफ्नो दवाफ कायम राख्न चाहन्छन। खासगरि कर्नालि प्रदेश खेलकुद सदस्यसचिव नियुक्त गर्ने बेलादेखि सरकारमा भएको खटपटका कारण पनि  कर्नालिका मुख्यमन्त्री सरकारमा हेरफेर गर्न चाहन्छन। पोखराको सरकारमा गरिएको परिवर्तन जस्तै वलि पनि कर्नालिको सरकार परिवर्तन गरिदिने मुडमा देखिए भने अहिले मुख्यमन्त्री यामलाल कँडेल राजधानी गएको मौका परेकाले वलि र कँडेल वीच वार्ता भयोभने कर्नालि सरकारपनि तत्काल हेरफेर हुन सक्दछ। प्रदेश सरकारहरुमध्ये कर्नालि सरकार काममा अत्यन्त सुष्त देखिएकोले मन्त्रीहरु परिवर्तन गरेर काममा गति दिन सकिन्छ कि भन्ने सोचमा मुख्यमन्त्री पनि देखिन्छन। वलि र मुख्य मन्त्रीको स्वार्थ मिल्योभने कर्नालि सरकारमानि तुरुन्तै फेरबदल हुन्छ। तत्कालीन प्रधानमन्त्री का हैसियतमा वलिलाई कार्वाहि गर्न थुनामा राखिए पछि एमालेभित्रका वलिका कट्टर समर्थहरुनि वलिसित रुष्ट देखिएका छन। खासमा आँखा चिम्म गरेर वलिको समर्थन गर्ने शंकर पोखरेल र विष्णु पौडेल जस्ता मान्छेहरुनि ऐले फागुन २१ को चुनाव पछि वलिको विरुद्धमा बोल्न थालेका छन। यसको खास कारण चाईं वलिले माओवादिबाट आएका राम बहादुर थापा बादल जस्ता मान्छे लाई कार्यवाह अध्यक्ष दिएर पाटिभित्रका एमाले नेताहरुलाई पछाडि पारेपछि नेतृत्व सम्हालम्ला भनेर बसेका  एमाले नेताहरु वलिसित रुष्ठ बनेका छन। बर्षौंबर्ष पाटिमा संघर्ष गरेका एमाले नेताहरुलाई पन्छायर माओवादिबाट भर्खर आएको नेतालाई अगाडि सारेर पाटि जिम्मा लाएछि वलिका अत्यन्त निकटका नेताहरुनि वलिसपत ठुस्किन थालेकाछ्न। त्यसैले पनि वलिले वादल पक्षधरलाई समेटने र अरुलाई निमोठने काम शुरु गर्न थालेका छन। यसले गर्दा एमाले पाटि भित्र पनि नेतृत्वका लागि उचाल्ने र पछार्ने खेल शुरु भै रहेकोछ। यै खेलकै आडमा रहेर प्रदेश सरकारहरुमा व्यापक उथलपुथल हुन सक्दछ। हिजोका दिनमा जोजसका पछि लागेका भएनि अब सरकारको परिवर्तन गर्नु पर्दा गठबन्धननै परिवर्तन हुननि सक्दछ।  प्रदेश सरकारको नेतृत्व पुराना ३ वटा दलहरु मिलेर भै रहेको देखिएकाले जस्ले जोसित मिलेर भएनि सरकार बनाउन सक्दछ। तर वलि आफू केन्द्रमा बलियो भएर बस्न चाहन्छन। त्यसका लागि जस्तोसुकै मूल्य चुकाउननि वलि तयार छन। वलिका विरुद्ध समाचार आईराख्ने वेलासम्म उनी अस्पतालमै बस्ने र वलि फाल्ने कुरा मत्थर भएछि मात्रै अस्पतालबाट गुण्डुतर्फ जाननि सक्दछन। त्यसैले दुवै पक्षका वीचको ऐलेको लडाईंले एमालेमा लामै पैरो जान नि सक्दछ। त्यसैले यो समय दुबै पक्षका लागि चुनौतिपूर्णछ। त्यसैले झोलेहरुले बेलैमा वुध्दि पुर्याउन सकेनन भने एमालेहरको हालतनप काँग्रेसीहरुको जस्तै हुनेछ। चेतना भया।

# मुड्केचुला गाउँपालिकाले आइतबार बिदा नदिने

**युग संवाददाता**
**सुर्खेत, ४ बैशाख ।**

डोल्पाको मुड्केचुला गाउँपालिकाले शैक्षिक संस्थाहरुमा आइतबार बिदा नदिने निर्णय गरेको छ। हिमाली जिल्लामा पर्ने भएकाले आइतबार बिदा दिदा पाठ्यक्रम अनुसारको पाठ्यभार पुरा गर्न नसकिने भन्दै गाउँपालिकाले यस्तो निर्णय गरेको हो।

मध्यपूर्वमा चर्किएको अमेरिका, इजरायल र इरान युद्धले उत्पन्न गराएको इन्धन संकटको कारण देखाउँदै सरकारले गएको २२ चैतमा नयाँ शैक्षिकसत्र १५ वैशाखबाट सुरु गर्ने निर्णय गरेको थियो। साथै, सोही दिन सरकारले हप्तामा शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णयसमेत गरेको थियो। तर सरकारको यो निर्णयले हिमाली जिल्लामा चिसो लगायतका कारणले पाठ्यभार पुरा गर्न सकस हुने भन्दै दुवै निर्णय कार्यान्वयन नगर्ने निर्णय गरेको गाउँपालिकाले जनाएको छ।

**Vacancy Announcement**

Modern Public School, located at Birendranagar 1, Surkhet is looking for some qualified, dynamic and dedicated individuals for the following positions:

**Position:** Secondary level Teachers (Math/English/Science/Nepali/Social)

At least Bachelor Degree holders with Teaching experience can contact 9858051072 within seven days.

**Salary:** Rs. 30,000 -45,000 and grade facility.

**Contact :**

**Modern Public School**
**Birendranagar 1, Surkhet**
**Phone no. : 9858051072**

BC Group
20th years printing experience
भित्तेपात्रो (क्यालेण्डर) छपाई अब सुर्खेतमै
सुलभ दर र उत्कृष्ट गुणस्तर




प्रति घण्टा २० हजार प्रति छपाई क्षमता भएको प्रदेशकै सबैभन्दा ठुलो उद्योग ।
भवानी छापाखाना वीरेन्द्रनगर-६, सुर्खेत
BHAWANI CHHAPAKHANA
DIGITAL COLOUR PRINTERS
(QUALITY & QUANTITY PRINTING HOUSE)
Office: Birendranagar-6, Buddhapath, Surkhet
Industry: Birendranagar Industrial Area

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

RARA
पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।